# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ३) तिलोत्तमा, बैशाख महिना २९ गते २०७६ साल (अतिरिक्ताङ्क १४**


**भाग : २**

**तिलोत्तमानगरपालिका**

तिलोत्तमा नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७६ सालको कार्यविधि नं. १४

### कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको रक्तदान व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना:** रगत मानिसलाई नभै नहुने आवश्यकतत्व हो ।स्वस्थ्य मानिसमा ३ देखि ५ लिटर रगत प्रवाह भईरहेको हुन्छ । मानव जीवन जिउनु भनेको उसका शरीरका सवै कोषहरु बाच्नु हो । ती कोषहरु बाच्नको लागि आवश्यक खाद्यान्नतथा प्राणको लागि चाहिने अक्सिजन रगतले वोकेर शरिरका सवै कोषमा पुर्‍याई रहेको हुन्छ ।विभिन्न रोगहरुको उपचार गर्दा, शरीरको विभिन्न भागमा शल्यक्रिया गर्दा, कुनै कारणले शरीरबाट रगतबगी रगत कम रहेको अवस्थामा,रगतको आवश्यकता पर्दछ ।

बढ्दो आधुनिकीकरण सहित सवारी साधनको अत्याधिक प्रयोगको कारण दुर्घटना भई घाइतेहरुको  सँख्या वृद्धि हुनु तथा विभिन्न संक्रामक एवं नसर्ने रोगहरुमा समेत रक्त संचार गर्नु पर्ने आजको आवश्यकता हो । उपयुक्त समयमा रगतपाउदा मानिसको प्राण बाच्न सक्छ भने  ढीला सुस्ती भयो भने  सहजै प्राण जान सक्छ । हालसम्म बैज्ञानिकहरु कृत्रिम रगत वनाउन सफल भएका छैनन् ।

यसको विकल्पपनि रगतवाहेक अरु हुनसक्दैन । अतः रगत जीवन बचाउनका लागि प्रयोग गरिने अत्यन्तै महत्वपूर्ण प्राकृतिक बरदान हो । जसको अभाव मा विरामी तुरुन्तै मृत्युको संघारमा पुग्न सक्दछन् । यसरी रक्त सञ्चारको महत्व अत्याधुनिक, चिकित्सा प्रणालीको साथ साथै दिनानुदिन वढ्दै गएको छ । तिलोत्तमा नगरपालिका भित्र वसोवास गर्ने सवै जातजाती, वर्ग समुदायलाई विना भेदवाभ स्वास्थ्य सेवाप्रदानगर्दै नागरिकको आवाज एवं मागलाइ संवोधन गर्दै सेवाप्रवाहलाई समावेशी,उत्तरदायीएवं जवाफदेही बनाउन सरकारी,नीजितथा समुदायमा आधारित संघ संस्थाहरु समेतको सहकार्यमा स्थानीयतहको स्वास्थ्य सेवालाई संस्थागत गर्दै सम्वृद्ध समाज निर्माण गर्नेकार्यमा सहयोग पुर्‍याउन रक्तदान सेवा एउटा महत्वपुर्ण पक्षहो ।तसर्थ रक्तदान सम्वन्धी क्रियाकलापलाई व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४को दफा १०२ को उपदफा(२) ले दिएको अधिकार प्रयोग गरी तिलोत्तमा नगरपालिका रक्तदान व्यवस्थापन सम्वन्धी क्रियाकलाप संचालनगर्न वान्छनिय भएकोले ,तिलोत्तमा नगर नगरकार्यपालिकाको २०७६।०१।२६औं बैठकले यो कार्यविधी स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद : १
## संक्षिप्तनाम, विस्तार र प्रारम्भ

१. **संक्षिप्तनामविस्तार र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम"तिलोत्तमा नगरपालिका रक्तदान व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाको बैठकबाट स्वीकृतभएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१ "शुल्क"भन्नाले कुनै एक स्वस्थ व्यक्तिले रक्त संचार केन्द्रमा दान गरेको रगत अन्य व्यक्तिलाई दान गर्दा प्रयोगशालामा लाग्ने शुल्क र रगतको व्याग तथा पाइपलाई सम्झनुपर्छ ।

२.२ "रक्त संचार केन्द्र"भन्नाले रगत पुर्‍याई रहेको संस्था नेपाल रेडक्रस सोसाइटी अन्तरगत संचालित Blood Bank लाई सम्झनु पर्दछ ।

२.३ "सहयोग"भन्नाले लाभग्राही व्यक्तिले अस्पतालमा भर्ना भई अस्पताल को सिफारिसमा चाहिने रगत Blood Bankमा जचाउदा लाग्ने खर्च ( HBSAG,HIV) पाईप , व्यागको सेटजुन Blood Bank ले रसिद दिई शुल्क लिन्छ, सो रकमलाई सम्झनु पर्दछ ।

२.४ "कार्यविधि"भन्नाले तिलोत्तमा नगरपालिका रक्तदान व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ लाई सम्झनु पर्दछ ।

२.५ "स्वास्थ्य शाखा"भन्नाले तिलोत्तमा नगरपालिकाको स्वास्थ्यशाखा सम्झनु पर्दछ ।

२.६ "बैठक"भन्नाले तिलोत्तमा नगरकार्यपालिकाको बैठक भन्ने सम्झनु पर्दछ ।

२.७ "समिति"भन्नाले यस कार्यालयमा गठन हुने रक्तदान शुल्क सिफारिस समितिलाई सम्झनु पर्दछ ।

२.८ "आवश्यक कागजात"भन्नाले नगरपालिकाले शुल्क भुक्तानी गर्दा विरामी भर्ना भएको सम्वन्धित अस्पतालको प्रिस्कप्सन, रगतमाग गरिएको अनुरोध पत्र, रक्त संचार केन्द्रले रगत दिएको पत्र तथा रक्त संचार केन्द्रको रकम बुझेको रसिदलाई सम्झनुपर्दछ ।

३. **उद्देश्य :**यस रक्तदान शुल्क सहयोगको उद्देश्यहरु देहाय वमोजिम हुनेछन,

३.१ रगत आवश्यक परेको व्यक्तिलाई रक्त संचार केन्द्रले लिएको शुल्कभुक्तानीदिने ।

३.२ रोग लागेको व्यक्ति वा घाइते व्यक्तिलाई रगत जस्तो नभई नहुने तत्व उपलव्ध गराई घाइतेलाई आर्थिक सहयोग गर्ने ।

३.३ नगरपालिकाप्रति सेवाग्राहीको विश्वास दिलाउने ।

३.४ यस क्षेत्रका सेवाग्राहीलाई परेको आपतकालिन अवस्थामा थोरै भएपनि सहजताको महसुस गराउने ।

३.५ हामी स्वस्थ्यमानिसले समय समयमा रक्तदान गर्न सक्नु पर्छ भनेर नगरवासीलाई उत्प्रेरणा जगाउने ।

३.६ प्राकृतिक प्रकोप तथा अन्य आपतकालीन अवस्थामा परेका सेवाग्राहीलाई आवश्यक परेको वेलामा रक्तदान गर्नुपर्छ भन्ने भावनाको विकास गराउने ।

## परिच्छेद-२
## कार्यक्रम संचालन

४. **जानकारी गराउनु पर्ने :**सेवाग्राहीलाई देहायको कुरा जानकारी गराउनुपर्ने छ,

४.१ नगरपालिकामार्फत उपलव्ध गराउने रक्तसंचार प्रयोगशाला शुल्क सवै न.पा. वासीले थाहा पाउने गरी स्थानीय संचार मार्फत प्रचार प्रसार गर्नु पर्ने छ ।

४.२ तिलोत्तमा नगरवासीलाई यो शुल्क उपलव्ध गराउनु पर्ने छ ।

४.३ कार्यालयबाट भुक्तानीदिँदा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ ।

४.५ यस कार्यविधिम ाव्यवस्था भएको शुल्क उपलब्ध गराउँदा एउटा व्यक्तिलाई १ आर्थिक वर्षमा १५प्याकेटभन्दा वढी उपलव्ध गराईने छैन ।

**५. रक्त संचार व्यवस्थापन सहयोग समितिः**

तिलोत्तमा नगरपालिका रक्तसंचार व्यवस्थापन सहयोग समिति देहाय वमोजिम गठन गरिने छ,

| | |
|---|---|
| (क) नगर प्रमुख | –संयोजक |
| (ख) स्वास्थ क्षेत्र हेर्ने का.पा. सदस्य | –सदस्य |
| (ग) प्रमुखप्रशासकीयअधिकृत | –सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | –सदस्य |
| (ङ.) स्थानिय नियमित रक्तदाता मध्येबाट | –सदस्य १ जना |
| (च) तिलोत्तमा भित्र कार्यरत रेडक्रस वा परामर्शकारी संस्थाको -सदस्य समूह | –१ जना |
| (छ) न.पा.को अधिकृत स्तरको स्वास्थ्यको कर्मचारी | –१ सदस्य |
| (ज) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | –सदस्य सचिव |

(६) **वैठक भत्ता सम्बन्धीव्यवस्थाः** समितिको वैठक भत्ता सम्बन्धीव्यवस्था देहायबमोजिमहुनेछ,

(६.१) बैठकमा उपस्थितहुदाँ सवैले नियमानुसारको वैठक भत्ताप्राप्त गर्ने छन् ।

(६.२) समितीको बैठक सामान्यःमासिक रुपमा वा आवश्यकता अनुसार जहिले सुकै वस्न सक्ने छ ।

**७. समितिको काम, कर्तव्य र अधिकारः**समितीको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

७.१ बैठकमा सबै सेवाग्राहीले प्राप्त गरेको रगतको पिन्ट तथा शुल्क खर्चको विषयमा छलफल गर्ने ।

७.२ कम्तिमा वर्षको २ पटक नगरपालिका स्वयंले रक्तसंचार केन्द्रको सहयोगमा रक्तदान कार्यक्रमको आयोजना गर्ने ।

७.३ कार्यक्रमको निरन्तरताको विषयमा प्रत्येक वर्षको अन्तमा स्थानीय सरकारको वजेट पूर्व छलफल गर्ने ।

८. **सेवा भुक्तानी विधिः**भुक्तानी विधि देहायवमोजिमहुने छ ,

८.१ नियमानुसार कागज राखी अनुसूची १ मा तोकिए वमोजिमको निवेदन सहित सेवाग्राही वा उसको नजिकको नातेदार व्यक्तिले भर्ना भएको अस्पतालको प्रिस्कृप्सन र भुक्तानी गरेको विल,

८.२ तिलोत्तमा नगरपालिका क्षेत्रभित्र स्थायी ठेगाना भएको नागरिक,

८.३ अन्यक्षेत्रको भएमा वसाईसराई को प्रतिलिपी अनिवार्य हुनुपर्ने,

८.४ सेवाग्राही नावालक भएमा जन्मदर्ता प्रमाण पत्र र निजको वावु/आमाको नागरिकताको प्रमाणित प्रतिलिपी,

८.५ माथि उल्लेखित कागजातहरु प्रमुख प्रशासकीय अधिकृतसँग पेश गरी सोको अभिलेख स्वास्थ्य, शाखामा राखी उक्त शाखाको सिफारिसमा आर्थिक प्रशासन शाखावाट भुक्तानीदिने,

८.६ अघिल्लो आ.वं को असार १५ गते पछिका निवेदनअर्को आ.व.को वजेटवाट श्रावण महिनामा भुक्तानी दिने व्यवस्था मिलाउन सकिनेछ ।

## अनुसुचि –१
## रकमभुक्तानीकालागिदफा ४ को उपदफा (३) बमोजिमनिवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
तिलोत्तमा नगरपालिकानगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही ।

महोदय,

मैले ..............अस्पतालमा............. रोगको उपचार गरी चिकित्सकको सल्लाहअनुसार ............... पिन्ट रगत चढाई............. रक्त संचार केन्द्रमा रकम बुझाएकोले त्यस वापतको रकम रु ............. अक्षेरुपी( ..................)भुक्तानीका लागि निम्नकागजात सहितपेश गरेको छु ।

निवेदक वा/नजिकको नातेदार
नाम :
ठेगाना : ति.न.पा. वडा नं. ....

**तपसिलः**
१.विरामीको नागरिकताको प्रतिलिपी
२ अन्य क्षेत्रको भए वसाईसराईको कागजात
३ नावालक भएजन्म दर्ता र वाबु वा आमाको नागरिकता
४ सम्वन्धित अस्पतालको प्रेस्क्रिप्सन

५. अस्पतालवाट रक्त संचार केन्द्रमा रगतमाग गरिएको अनुरोध फारम एवं रक्त संचार केन्द्रवाट रगतउपलब्ध गराइएको कागज –१

६.रक्त संचार केन्द्रमा रकम वुझाएको रसीद –छाप सहित–१

**आज्ञाले**
**प्रमाणीकरण मितिः २०७६/०१/२७** **(कृष्णप्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**